| | जाँचपास तथा फरफारक | २३ | २ | सबै आयोजना तथा कार्यक्रम संचालन गर्ने संस्था वा व्यक्तिबाट कार्य सम्पन्न भएको जानकारी प्राप्त भएको | ✔ | | १ | - सबै योजना तथा कार्यक्रम संचालन गर्ने सम्बन्धित संस्था वा व्यक्तिबाट कार्य सम्पन्न भएको जानकारी प्राप्त हुने र जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार सम्बन्धी योजनाहरुको कार्यसम्पन्न प्रतिवेदन र मूल्यांकन प्रतिवेदन प्राविधिकबाट लिने गरेको ।<br>- आ.व.०६९।७० मा भौतिक पूर्वाधार सम्बन्धी ४२ वटा योजना सम्पन्न भएको । जाँचपास तथा फरफारक समितिको ०७०।३।११ र ०७०।३।२८ बैठक अनुसार गत वर्षका योजना समेत क्रमशः ५० वटा र १२ वटा योजनाको फरफारक भएको । मिति ०६९।९।२६ को १७ औं परिषद्को निर्णय नं. १७ अनुसार गत आ.व. र चालू वर्षमा संचालन भई सम्पन्न भएका ९९ वटा आयोजनाहरुको जाँचपास तथा फरफारकलाई अनुमोदन गरेको । रकम निकासा समयमा नभएको कारणले गर्दा योजना सम्पन्न भएको एक महिना भित्र नब्बे प्रतिशत आयोजनाहरुको जाँचपास तथा फरफारक भई भुक्तानी हुन कठिनाई भई समयमा भुक्तानी हुन नसकेको । | - योजना फाइल, योजना अभिलेख, माइन्यूटहरु, कार्यक्रम पुस्तिका, प्राविधिक प्रतिवेदन |
| | | | | कार्य सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार सम्बन्धी आयोजनाहरुको हकमा आर्थिक प्रशासन नियमावलीको नियम ३० वमोजिम प्राविधिकबाट मूल्याङ्कन प्रतिवेदन प्राप्त गरेको | ✔ | | | | |
| | | | | कार्य सम्पन्न भएको जानकारी प्राप्त भएको मितिले एक महिनाभित्र कम्तीमा नब्बे प्रतिशत आयोजनाहरुको जाँचपास तथा फरफारक गरेको | | ✔ | | | |
| | | | | जाँचपास तथा फरफारक सम्बन्धी निर्णय अनुमोदनको लागि | ✔ | | | | |
| | मापन तालिकाको सबै कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कम्तीमा तीन वटा कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्य अवस्थामा शून्य अङ्क प्रदान गर्ने । | | | | | | | | |
| | मर्मत संभार व्यवस्था | २४ | ४ | सम्पन्न सबै पूर्वाधारका योजनाहरुको लगत ( Inventory ) खडा गरी राखिएको | ✔ | | ३ | - आ.व.०६४।६५ देखि ०६९।७० सम्मको योजनाको लगत राखिएको । मरमत सम्भारको लागि लगत राख्ने गरेको । लगत अनुसार ५४ वटा योजनाको मरमत सम्भारको लागि लगत खडा गरी राखिएको । मर्मत सम्भार विशेष कोष स्थापना गरी नेपाल राष्ट्र बैंक, भैरहवा शाखामा खाता नं. (ग-५-२) ३५०२०२ संचालनमा ल्याएको । उक्त खातामा आ.व.०६९।७० मा रु.३०,००,०००।- जम्मा गरेको । उक्त वर्षको कूल आन्तरिक आय रु.५,०३,५५,४७८।३९ रहेको मरमत संभार कोषमा ५.९६% रकम जम्मा गरिएको । उक्त कोषबाट | - योजनाको लगत, कोष खाता लेखा अभिलेख |
| | | | | मर्मत सम्भार विशेष कोषको स्थापना गरेको | ✔ | | | | |
| | | | | कूल आन्तरिक आयको कम्तीमा तीन प्रतिशत रकम मर्मत सम्भार कोषमा जम्मा गरेको | ✔ | | | | |
| | | | | मर्मत सम्भार कोषबाट कार्यक्रम तर्जुमा गरी सम्पन्न पूर्वाधारका आयोजनाको मर्मत सम्भार गरेको । | ✔ | | | | |
| | | | | मर्मत सम्भारको लागि उपभोक्तासंग सेवा शुल्क लिने गरेको | | ✔ | | | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | | नगरपालिका कोड : | |
|---|---|---|---|---|

| कार्यक्षेत्र | सूचकको विवरण | नं. | पूर्णाङ्क | विश्लेषण तालिका | छ | छैन | प्राप्ताङ्क | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | मापन तालिकाको सबै कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा चार अङ्क, कुनै चार वटा कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा तीन अङ्क, कुनै तिन वटा कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा दुइ अङ्क र कुनै दुइ कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्य अवस्थामा शून्य अङ्क प्रदान गर्ने । | | | | | | | रु.३३,३४,५०२।५० मरमत संभारका लागि खर्च भई कोषको मौज्दात रु.१,५४,६५५।१४२ रहेको । मर्मत संभारको लागि रु.१०,००,०००।- विनियोजन गरिएको । मरमत संभार प्रयोजनको लागि प्रत्येक घर धनीबाट घर नक्सा पास गर्दा रु.६००।- शुल्क लिने १६ औं परिषद्को निर्णय नं. १३ (घ) मा उल्लेख भएको । आयोजनागत रुपमा उपभोक्ताबाट सेवा शुल्क लिई मरमत संभारको लागि प्रयोग भएको अभिलेख भने प्राप्त हुन नसकेको । | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | | नगरपालिका कोड : | |
|---|---|---|---|---|

| कार्यक्षेत्र | सूचकको विवरण | नं. | पूर्णाङ्क | विश्लेषण तालिका | छ | छैन | प्राप्ताङ्क | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | **आयोजना सञ्चालनमा पारदर्शिता** | २५ | २ | सबै आयोजना र कार्यक्रमको सार्वजनिक/सामुदायिक परीक्षण गरेको | ✔ | | | - नपाले सार्वजनिक परीक्षण कार्यविधि, ०६७ अनुसार आ.व.०६९।७० मा सम्पन्न ५४ वटा (क्रमागत समेत) क्रमागत वाहेक ४३ वटा योजना सम्पन्न भएकोमा ६ वटा वाहेक अन्य ठेक्काबाट भएको । उपभोक्ताबाट संचालन भएको र ठेक्काबाट भएको दुवैको योजनाको जाँचपास तथा फरफारक गर्नु पूर्व नै सार्वजनिक परीक्षण हुने गरेको । सार्वजनिक परीक्षण गर्दा न.पा.ले तोकेको प्राविधिक वा अन्य कर्मचारी अनिवार्य रुपमा हुनुपर्ने व्यवस्था गरिएको । नमुना अध्ययन गर्दा उपभोक्ताबाट संचालित योजना वार्ड नं. ९ नाला निर्माणको सार्वजनिक परीक्षण मिति ०७०।३।१० मा हरि प्रसाद प्यूठानी (न्यौपाने) को अध्यक्षतामा २० जनाको उपस्थितिमा सम्पन्न गरी २ वटा निर्णय गरिएको । ठेक्काबाट संचालित योजना वार्ड नं. ११ को सडक पिच सपिक निर्माण सेवाको मिति ०७०।३।१५ मा १५ जनाको उपस्थिति रहेको । यसैगरी वार्ड नं. ९ को सडक पिच तथा वाल निर्माण ०७०।३।१५ मा १७ जनाको उपस्थितिमा निर्णय भई सार्वजनिक परीक्षण भएको पाइन्छ । आ.व.०६९।७० मा संचालित रु. पाँच लाख भन्दा माथिका आयोजना सम्बन्धी विवरण समेटिएको परियोजना सूचना पाटी राखे वा नराखेको अध्ययन गर्दा नमूना, फोटो र छड्के जाँच गर्दा वार्ड नं.२,४,९,११,१२ मा योजनाको सूचना पाटी राखिएको पाइयो साथै पाँच लाख भन्दा माथिका सबै योजनाको सूचना पाटी योजना स्थलमा राख्ने गरेको । | - योजना फाइलहरु, योजना लगत, प्रतिवेदन, अवलोकन, माइन्यूट |
| | | | | उपभोक्ता समितिहरुबाट सञ्चालित आयोजनाहरुको मात्र सार्वजनिक/ सामुदायिक परीक्षण गरेको | | | | | |
| | | | | सार्वजनिक/ सामुदायिक परीक्षणमा नगरपालिकाले तोकेको कर्मचारी/सहजकर्ताको उपस्थिति रहेको | ✔ | | | | |
| | | | | पाँच लाख रुपैया वा सो भन्दा वढी लागतका सबै आयोजनाहरुको आयोजनास्थलमा सूचना पाटी राखेको | ✔ | | | | |
| | | | | मापन तालिकाको पहिलो, तेस्रो र चौथो कोठाको “छ” मा (✔) चिन्ह लागेमा दुइ, दोश्रो, तेस्रो र चौथो कोठाको “छ” मा (✔) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने । | | | २ | | |
| | **अनुगमन तथा मूल्याङ्कन** | २६ | २ | अनुगमन तथा सुपरीवेक्षण समिति गठन भइ क्रियाशिल रहेको | ✔ | | | - अनुदान संचालन कार्यविधि अनुसार अनुगमन तथा सुपरीवेक्षण समिति गठन भई क्रियाशिल रहेको । मिति ०७०।२।२२ र मिति ०७०।३।१० मा समितिको बैठक बसेको । अनुगमन प्रतिवेदन फारम तयार गरी लागू गरेको । मिति ०७०।२।२३ र ०७०।२।२४ मा योजनाको अनुगमन गरी द.नं.२२६३८ मिति ०७०।३।२ मा प्रतिवेदन न.पा.मा प्रस्तुत गरेको । ०६९।७० मा १० वटा योजनाको अनुगमन गरी अभिलेख राखिएको । मिति ०७०।३।११ को न.पा. वोर्डको निर्णय नं. ६ अनुसार निर्देशन दिने र सुपरीवेक्षण तथा अनुगमन नियमित गर्ने निर्णय गरेको । | - माइन्यूट, पत्रहरु, प्रतिवेदन |
| | | | | अनुगमन प्रतिवेदन फाराम तयार गरी लागु भएको | ✔ | | | | |
| | | | | अनुगमन प्रतिवेदन उपर वोर्ड बैठकमा छलफल तथा निर्णय हुने गरेको | ✔ | | | | |
| | | | | अनुगमन गरिएका आयोजना तथा कार्यक्रमहरुको लगत खडा गरी राखिएको | ✔ | | | | |
| | | | | मापन तालिकाको सबै कोठाको “छ” मा (✔) चिन्ह लागेमा दुइ ,कुनै तिनवटा कोठाको “छ” मा (✔) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको दुई कोठाको “छ” मा (✔) चिन्ह लागेमा दुइ ,कुनै एक कोठाको “छ” मा (✔) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने । | | | २ | | |
| | **सामाजिक परीक्षण** | २७ | २ | सामाजिक परीक्षणमा उपस्थितिका लागि सबै सरोकारवालालाइ मिति, समय र स्थान तोकी सूचना गरेको | | ✔ | | - सामाजिक परीक्षण भएको आधार प्रमाण प्राप्त नभएको । | - माइन्यूट, पत्रहरु, सम्झौता पत्र, प्रतिवेदन, वोर्ड माइन्यूट |
| | | | | उक्त भेलामा सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन पेश गरी छलफल गरेको | | ✔ | | | |
| | | | | सामाजिक परीक्षणको अन्तिम प्रतिवेदन तयार गरी भेला सम्पन्न भएको मितिले एक महिना भित्र मन्त्रालयमा पठाएको | | ✔ | | | |
| | | | | सामाजिक परीक्षणको अन्तिम प्रतिवेदन नगरपरिषद् समक्ष पेश गरेको | | ✔ | | | |
| | | | | मापन तालिकाको सबै कोठाको “छ” मा (✔) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, दोश्रो सहित कुनै तीन कोठाको “छ” मा (✔) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको दोश्रो सहित कुनै तीन कोठाको “छ” मा (✔) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, दोश्रो सहित कुनै दुई कोठाको “छ” मा (✔) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने । | | | ० | | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | | नगरपालिका कोड : | |
|---|---|---|---|---|

| कार्यक्षेत्र | सूचकको विवरण | नं. | पूर्णाङ्क | विश्लेषण तालिका | छ | छैन | प्राप्ताङ्क | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| योजना तथा कार्यक्रम व्यवस्थापन कार्यक्षेत्रको जम्मा | | | | | | | १६ | उक्त कार्यक्षेत्रमा सफल भएको | |
| | **कर्मचारीको कार्य विवरण तथा मासिक बैठक** | २८ | २ | सबै कर्मचारीहरुलाई लिखित रुपमा कार्य विवरण उपलव्ध गराइएको | ✔ | | १ | - कूल कर्मचारी संख्या १६६ कार्यरत ।<br>- करारमा काम गर्ने २१ जना कर्मचारीहरुलाई करार गर्दा नै कार्यविवरण राखि करार गर्ने भएको हुँदा छुट्टै कार्य विवरण नदिएको ।<br>- कार्यालय अधिकृत स्तर देखि सहायक चौथो खरिदारसम्मलाई छुट्टै कार्यविवरण दिने गरेको । सबै कर्मचारीलाई कार्य विवरण दिएको छुट्टै फाइल राखेको पाइयो । च.नं.४१ मिति २०६९।४।२ को पत्रबाट नासु श्री अमित कुमार श्रेष्ठलाई उपशाखाको जिम्मेवारी दिँदा छुट्टै १४ वटा बुँदा भएको कार्य विवरण दिएको पाइयो ।<br>- मिति २०६८।९।२८ गते बसेको १५ औं नगरपरिषद्ले कर्मचारीहरुको परिणाममुखी मूल्यांकन गर्ने नीति लिने निर्णय गरे अनुसार मिति २०६९।९।२६ गते बसेको १६ औं नगर परिषद्को निर्णय नं. २५ बाट कार्यसम्पादन फारामको आधारमा उत्कृष्ठ भएमा नासु श्री मथुरा भट्टराई, चौथोस्तर प्रकाश शर्मा, खरिदार दिपक रौनियार, बारुण यन्त्र जवान प्रेम गुरुङ्ग, कार्यालय सहयोगी नर्वदा रानालाई जनही रु.५,०००।- नगद र प्रसंसा पत्र दिई कर्मचारीको कदर गरेको ।<br>- आ.व.२०६९।०७० मा कर्मचारी बैठक मिति २०६९।४।२ मा उपस्थिति २० जना, मिति २०६९।६।५ मा उपस्थिति २१ जना, मिति २०६९।८।२२ मा उपस्थित २२ जना, मिति २०६९।९।४ मा उपस्थिति २२ जना, मिति २०६९।११।१३ मा उपस्थिति १८ जना, मिति २०७०।२।२ मा उपस्थिति २१ जना र ०७०।३।१० मा उपस्थिति २२ जना बसी एकीकृत सम्पत्ति कर, सभागृह लिजमा दिने, आचार संहिता, वार्षिक कार्यक्रम सम्बन्धमा, सडक बत्ति, कर्मचारी बाहिर जाँदा लगबूक प्रयोग गर्ने, पोषाक लगाउने जस्ता निर्णय गरी वर्षभरी ७ पटक बैठक बसेको । | प्रशासन शाखाको कर्मचारी, व्यक्तिगत फाइल तथा पत्रहरु |
| | | | | लिखित कार्य विवरण कार्यालय सहयोगी बाहेक अन्य सबै कर्मचारीलाई उपलव्ध गराइएको । | | | | | |
| | | | | कार्य विवरणका आधारमा कर्मचारीको मूल्याङ्कनका सूचक बनाइ लागू गरेको | | ✔ | | | |
| | | | | सूचकका आधारमा मूल्याङ्कन गरी कम्तीमा एक जना उत्कृष्ठ कर्मचारीलाइ पुरस्कृत गरेको | ✔ | | | | |
| | | | | एक महिनामा एक पटक पर्ने गरी वर्षमा कम्तीमा छ पटक मासिक कर्मचारी बैठक बसेको | ✔ | | | | |
| | मापन तालिकाको पहिलो, तेस्रो, चौथो, पाचौं कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, दोस्रो, तेस्रो, चौथो, र पाँचौ कोठाको “छ” मा ( ✔ ) लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै ३ कोठाको “छ” मा ( ✔ ) एक अङ्क प्रदान गर्ने । | | | | | | | | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | | नगरपालिका कोड : | |
|---|---|---|---|---|

| कार्यक्षेत्र | सूचकको विवरण | नं. | पूर्णाङ्क | विश्लेषण तालिका | छ | छैन | प्राप्ताङ्क | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| संगठन तथा जनशक्ति विकास | सेवा प्रवाह व्यवस्थापन | २९ | २ | अद्यावधिक नागरिक बडापत्र सबैले देख्ने गरी राखेको | ✔ | | २ | - नागरिक वडापत्र तयार गरी नपाको कम्पाउण्ड भित्र सबैले देख्ने गरी ल्फास वोर्डमा लेखि टाँस गरी राखेको । सो कुरा नपाको website: www.siddharthanagar.org.np मा समेत राखेको ।<br>- मिति २०६८।९।२८ मा बसेको १५ औं नगरपरिषद्को निर्णय नं. ५ मा तपसिलको निर्देशिका स्वीकृत गरी लागू गरेको ।<br>- कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०४७<br>- आन्तरिक लेखापरीक्षण कार्यविधि, २०६८<br>- खरिद तथा जिन्सी व्यवस्थापन निर्देशिका, २०६८<br>- कर्मचारी कल्याणकोष विनियमावली, २०६७<br>- सूचना प्रणाली तथा तथ्याङ्क संकलन निर्देशिका, २०६७<br>- पशु वधशाला तथा मासु विक्री वितरण निर्देशिका, २०६७<br>- नपाले नागरिक वडापत्र तथा कार्यविधि निर्देशिका बमोजिम काम गर्दै आएको । | नागरिक वडापत्र, नगर परिषद्को माइन्यूट, विनियम तथा निर्देशिकाहरु |
| | | | | कम्तीमा तीन वटा विनियम/कार्यविधि/ निर्देशिकाहरु स्वीकृत गरी लागू भएको | ✔ | | | | |
| | | | | नागरिक बडापत्र तथा कार्यविधि बमोजिम कार्य प्रक्रिया सञ्चालन गरेको | ✔ | | | | |
| | मापन तालिकाको सबै कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, पहिलो र दोश्रो कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने । | | | | | | | | |
| | कर्मचारी कल्याण कोष | ३० | २ | कर्मचारीहरुको एक महिनाको तलव बराबर रकम कर्मचारी कल्याण कोषमा जम्मा गरेको | ✔ | | २ | - कर्मचारी कल्याण कोष नेपाल इन्भेष्टमेण्ट बैंक सिद्धार्थनगर खाता नं.०१००१०२०२५०५२८ मा रहेको ।<br>- स्थायी कर्मचारीहरुको १ महिनाको बराबरको रकम रु.१८,६५,९५७-<br>- आ.व.२०६९।०७० मा मिति २०६९।६।१७ गो.भौ.नं. ३ बाट रु.२२,००,०००।-र मिति ०७०।२।१६ गो.भौ.नं. १८ बाट रु.१५,००,०००।- गरी रु.३७ लाख कर्मचारी कल्याण कोषमा जम्मा भएको ।<br>- नपाले २०६९।५।१७ देखि आवको अन्तसम्म गो.भौ.नं. १ देखि २१ सम्म विभिन्न पदका २१ जना कर्मचारीहरुलाई औषधी उपचार र उपदान गरी रु.३८,१३,७१३।६४ निकासा गरेको देखिन्छ ।<br>- नपामा मिति २०६८।९।२८ गते बसेको १५ औं नगरपरिषद्को निर्णय नं.५ मा कर्मचारी कल्याण कोष विनियमावली, २०६७ पारित गरेको र सोही अनुसार कार्य गर्ने गरेको पाइयो । | मासिक पारिश्रमिक विवरण, कल्याण कोष खाता, नियमावली, परिषद् निर्णय पुस्तिका, लेखा अभिलेख |
| | | | | कर्मचारी कल्याण कोष सञ्चालन सम्वन्धी निर्देशिका नगरपरिषद्वाट स्वीकृत गरी लागू गरेको | ✔ | | | | |
| | मापन तालिकाको सबै कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, पहिलो कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने अन्यथा शून्य अङ्क प्रदान गर्ने । | | | | | | | | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | | नगरपालिका कोड : | |
|---|---|---|---|---|

| कार्यक्षेत्र | सूचकको विवरण | नं. | पूर्णाङ्क | विश्लेषण तालिका | छ | छैन | प्राप्ताङ्क | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | **सेवा करार** | ३१ | २ | सेवा करारमा लिने नगरपरिषद्बाट निर्णय भएको | ✔ | | २ | - मिति २०६८।९।२८ गते बसेको १५ औं नगरपरिषद्को विविध निर्णयहरुको निर्णय नं. ३ मा नगरपरिषद्बाट स्वीकृत दरबन्दी अन्तरगतका पदहरुमा नपालाई आवश्यक परेका सेवाहरुमा सेवा करारबाट पूर्ति गर्ने निर्णय गरेको ।<br>- आ.व.२०६९।०७० मा नपाले च.नं.११०४७ मिति २०६९।९।१८ को पत्रबाट प्राविधिक अमिन पदमा मिति २०६९।९।१८ देखि लागू हुने गरी ६ महिनाका लागि श्री इश्वर भण्डारीलाई करारमा नियुक्ती गरी काम लगाएको देखिन्छ। फायर म्यान अमित गौतम र नन्द बहादुर घर्ती, ड्राइभर सुरेश आहिर, ओम प्रकास यादव, दमकलतर्फ ड्राइभर घनश्याम राजभर, कुचीकार स्वीपर ९ जना सरसफाईतर्फ करारमा काम गर्दै आएको यी कर्मचारी पहिले देखिनै काम गर्दै आएको निरन्तरता रहेको ।<br>आ.व.२०६९।०७० मा समेत यी कर्मचारी करारमा काम गर्दै आएको ।<br>- कुनै कार्यमा नपाले आ.व.२०६९।०७० मा अस्थायी नियुक्ती गरी कुनै कर्मचारीलाई काम लगाएको नपाइएको ।<br>- सरसफाई तथा पार्क संचालन करारबाट कर्मचारी लिई गराएको देखिन्छ । | परिषद्को निर्णय पुस्तिका, सम्झौता पत्र, पत्रहरु |
| | | | | अस्थायी प्रकृति / सहयोगी कर्मचारीको काम सेवा करारमा दिएको | ✔ | | | | |
| | | | | अस्थायी प्रकृतिको काम वा सहयोगी स्तरले गर्ने कामका लागि अस्थायी कर्मचारी भर्ना नगरेको | ✔ | | | | |
| | | | | अचल सम्पत्तिहरुको सञ्चालन तथा मर्मत सम्भार सम्बन्धी कार्य ( सार्वजनिक शौचालयको सफाई तथा सञ्चालन, पार्क सञ्चालन, सरसफाई आदि कार्य) सेवा करार बाट सम्पादन गरिएको | ✔ | | | | |
| | मापन तालिकाको सवै कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, तेस्रो सहित कुनै तीन कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने र अन्यथा शून्य अङ्क प्रदान गर्ने । | | | | | | | | |
| | **आचार संहिता तथा सम्पत्ति विवरण** | ३२ | २ | न पा वोर्डका सदस्यहरुको आचार संहिता तर्जुमा गरी सार्वजनिक गरेको | | | २ | - सि.नपामा कर्मचारी संख्या १६६ रहेको ।<br>- आ.व.२०६८।०६९ को सम्पत्तिको विवरण नपाको च.नं.१४९२ मिति २०६९।५।१८ को पत्रबाट अधिकृत स्तरदेखि सहयोगी कर्मचारीसम्म १४० जनाको सम्पत्ति बन्दी खाम पत्र साथ संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय कर्मचारी प्रशासन शाखामा २०६९।५।२० मा मन्त्रालयको भरपाई बमोजिम बुझाएको पाइयो ।<br>- नपामा कार्यरत स्थायी कर्मचारी १३४ जना करारमा रहेका २४ मध्ये ६ जनाको मात्र गरी १४० जनाको सम्पत्तीको विवरण पेश गरेको र २०६९ मा अवकासमा गएका ८ कर्मचारी, कास पदका र कुचिकार गरी १८ जना कर्मचारीहरु छोटो समयका लागि भएकोले सम्पत्तिको विवरण भर्न नलगाएको प्रशासनबाट जानकारी प्राप्त भएको ।<br>साथै अवकास पाउने कर्मचारीहरु सम्पत्तीको भर्नुभन्दा अगाडी नै अवकास पाएको हुँदा सम्पत्तीको विवरण भर्न नलगाएको देखिन्छ । | पत्रहरु, दर्ता चलानी किताब, कर्मचारीको विवरण |
| | | | | गत आर्थिक बर्ष प्रारम्भ भएको साठी दिन भित्र नगरपालिकाका सबै पदाधिकारी तथा कर्मचारीहरुले सम्पत्ति विवरण पेश गरेको | ✔ | | | | |
| | | | | न पा बोर्डका सवै सदस्यहरुको सम्पति विवरण नगरपालिका कार्यालयमा गत आ.व.प्रारम्भ भएको साठी दिन भित्र पेश भएको | ✔ | | | | |
| | मापन तालिकाको सवै कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कुनै दुइ वटा कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको लागि दोस्रो कोठाको“छ” मा ( ✔ ) चिन्ह लागेमा पूरा अङ्क प्रदान गर्ने । | | | | | | | | |
| **संगठन तथा जनशक्ति विकास कार्यक्षेत्रको जम्मा** | | | | | | | ९ | **उक्त कार्यक्षेत्रमा सफल भएको** | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | | नगरपालिका कोड : | |
|---|---|---|---|---|

| कार्यक्षेत्र | सूचकको विवरण | नं. | पूर्णाङ्क | विश्लेषण तालिका | छ | छैन | प्राप्ताङ्क | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | **सरसफाई तथा फोहर व्यवस्थापन** | **३३** | **४** | वार्षिक कार्यक्रममा फोहर व्यवस्थापन सम्बन्धी कार्य समावेश भएको | ✔ | | २ | - आ.व.२०६९।०७० मा फोहर व्यवस्थापनको लागि रु.८१ लाख बजेट व्यवस्थापन गरी आ.व.को अन्तसम्म रु.८०,७०,७९२।८४ खर्च गरेको देखिन्छ ।<br>- २०६६ साल वैशाखदेखि वडा नं.६,७,८ र ९ मा फोहरलाई श्रोतमा वर्गिकरण गरी पुन प्रयोग गर्न कार्यक्रम लागू भएको र सो कार्यक्रम बजार खरिद गर्न जानेलाई कपडाको झोला नपाले उपलब्ध गराएको प्लास्टिकलाई प्रयोग नगर्ने नीति लिएर गलेर जाने पदार्थलाई मलमा परिवर्तन गरी मल प्रयोग गर्ने नीति लिएको । अन्य फोहर मासिक रुपमा घटीमा १ पटक आवश्यकता परेमा ४ पटकसम्म घरदैलो कार्यक्रम अन्तरगत संकलन गर्ने गरेको ।<br>- फोहरलाई व्यवस्थापन गर्न वडा नं.१ मा रहेको डण्डा खोलाको किनारा वगरमा रहेको जमिनमा फोहर डम्पीङ्ग गरी फोहर माथि माटोले छोपी फोहर फैलन नपाउने गरी व्यवस्थापन गरेको साथै वेलहिया गाउँ समाजका अध्यक्ष श्री सुरेन्द्र कुमार क्षेत्रीसँग सम्झौता गरी ५ जना सफाई कर्मचारीको डोर हाजिर बमोजिम रकम नपाले दिने, दैनिक ५ लिटर डिजेल, वार्षिक १३ लिटर मोविल, मासिक १२ किलो झाडु र अन्य सफाइका सामान दिई डम्पिङ्ग व्यवस्थापन गरेको ।<br>- सरसफाई सम्बन्धी जनचेतना सम्बन्धमा 3R अवधारणा सम्बन्धी २ दिने जनचेतना सम्बन्धी मिति २०७०।३।१७ र १८ गते ४१ जनालाई र वडा नं. ५ का जनतालाई मिति २०७०।३।१९ र २० गते ४१ जनालाई रु.१,५२,२८६।८० खर्च गरी चेतना अभिबृद्धि कार्यक्रम गरेको ।<br>- आ.व.२०६९।०७० मा मानव लावारिस लास महिला र पुरुष गरी २० जनाको सतगत गरेको साथै विभिन्न मरेका ३१४ जनावरलाई व्यवस्थित ठाउँमा गाडी व्यवस्थापन गरेको ।<br>- सरसफाईको लागि कुन वडा कति पटक गाडी फोहर संकलन गर्न गयो सो को रेकर्ड समेत व्यवस्थापन गरेको ।<br>- फोहरको पुन प्रयोग/प्रशोधन कार्य सामुहिक रुपमा भएको देखिँदैन । | सम्झौता पत्र, प्रगति प्रतिवेदन |
| | | | | फोहरलाइ जैविक र अजैविक रुपमा स्रोतमै वर्गिकरण गर्ने कार्यक्रम कम्तीमा पच्चीस प्रतिशत वडाहरुमा लागू गरेको | | ✔ | | | |
| | | | | वर्गिकृत फोहरलाइ छुट्टा छुट्टै सङ्कलन गर्ने गरेको | | ✔ | | | |
| | | | | फोहर व्यवस्थापन कार्यमा निजी/सामुदायिक क्षेत्रलाइ परिचालन गरेको | ✔ | | | | |
| | | | | फोहरलाइ व्यवस्थित ढङ्गले अन्तिम रुपमा तह लगाउने स्थलको व्यवस्था गरेको | ✔ | | | | |
| | | | | फोहरको पुन प्रयोग तथा प्रशोधन सम्बन्धी कार्य गरेको | | ✔ | | | |
| | | | | फोहर व्यवस्थापन सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरेको | ✔ | | | | |
| | मापन तालिकाको सबै कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा चार अङ्क , कुनै छ वटा कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा तीन अङ्क, कुनै पाँच वटा कोठाको “छ” मा ( ✔ ) ठीक चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको ६ कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा चार अङ्क , कुनै पाच वटा कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा तीन अङ्क, कुनै चार वटा कोठाको “छ” मा ( ✔ ) ठीक चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने । | | | | | | | | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | | नगरपालिका कोड : | |
|---|---|---|---|---|

| कार्यक्षेत्र | सूचकको विवरण | नं. | पूर्णाङ्क | विश्लेषण तालिका | छ | छैन | प्राप्ताङ्क | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | **वातावरण व्यवस्थापन** | ३४ | ४ | वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) / प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नु पर्नेमा गरेको | | ✔ | २ | - सि.नपाले आ.व.२०६९।०७० मा EIA तथा IEE गर्नुपर्ने योजनाको किटान नभएको तर ADB सँग फोहर व्यवस्थापन गर्न र शौचालय व्यवस्थापन गर्न 2013 April 29 मा निरीक्षण र EIA समेत गर्न सम्झौता रु.९ करोड १४ लाख गरेको देखिन्छ । यस आर्थिक वर्षको अन्ततिर भएको हो । अन्य कार्य भएको देखिँदैन ।<br>- नपाले कर्मचारी एशोसियशनको संयुक्त सहयोगमा वसपार्कको पछाडी १ विघा जग्गामा २०० विरुवा रु.२४,०००।- खर्च गरी वृक्षारोपण गरेको ।<br>- मिति २०६९।९।२६ गते बसेको १६ औं नगरपरिषद्ले संगठन चार्ट स्वीकृत गरी वातावरण व्यवस्थापन शाखा गठन गरेको । उक्त शाखा हेर्न ई.मधु गौतमलाई च.नं.७९९३ मिति २०६९।१२।२० को पत्र दिएको हुँदा वातावरण शाखा कार्यरत रहेको देखिन्छ ।<br>- नपाले आ.व.२०७०।०७१ को लागि मिति २०७०।१।३ मा वातावरण संरक्षण कार्यक्रम तयार गरी प्रकाशन गरी यस कार्यक्रमको महत्व दिएको देखिन्छ ।<br>- वातावरण संरक्षण विशेष कोष खडा गरी रकम जम्मा गरेको प्रमाण फेला नपरेको ।<br>- नपा भित्रको सडकको लम्बाई अनुसार प्रत्येक वर्ष १०% का दरले सडकमा वृक्षारोपण गरेको देखिदैन । | सम्झौता पत्र, वातावरणीय व्यवस्थापन योजना, वातावरण प्रभाव मूल्यांकन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरण संरक्षण विशेष कोष |
| | | | | नगरक्षेत्रका सडकका दायाँ बायाँ वृक्षारोपण गरी हरियाली कायम गरेको (प्रत्येक वर्ष कूल सडकको कम्तिमा १०% सडकमा वृक्षारोपण गरी संरक्षण गर्नुपर्छ ) | | ✔ | | | |
| | | | | वातावरण संरक्षण कार्यक्रम तर्जुमा गरी लागू गरेको | ✔ | | | | |
| | | | | जलवायू परिवर्तनका प्रभाव न्यूनिकरण गर्न अनुकूलनका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेको | | ✔ | | | |
| | | | | वातावरण शाखा/इकाइ/स्थापना गरी वा सम्पर्क व्यक्ति तोकी कार्य जिम्मवारी स्पष्ट तोकिएको | ✔ | | | | |
| | | | | वातावरण संरक्षण विशेष कोष खडा गरी बजेट निकाशा गरेको | | ✔ | | | |
| | मापन तालिकाको पहिलो र दोस्रो सहित कुनै पाँच कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा चार अङ्क, पहिलो र दोस्रो सहित कुनै चार वटा कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा तीन अङ्क, दोस्रो सहित कुनै तीन वटा कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको चार कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा चार अङ्क, कुनै तीन वटा कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा तीन अङ्क, कुनै दुई वटा कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने । | | | | | | | | |
| | **सवारी साधन पार्किङ्ग व्यवस्थापन** | ३५ | २ | नगर क्षेत्रभित्र वसपार्कको व्यवस्था गरेको | ✔ | | २ | - न.पा.को वार्ड नं. ३ को सिद्धार्थ राजमार्गमा सिद्धार्थ टर्मिनल निर्माण गरी कार्यान्वयनमा रहेको । उक्त बसपार्क ५ विगाह १३ कठ्ठा १७.५ धुर जग्गामा रहेको । पार्कमा पानी, शौचालय, बक्ति सेड, पसल कवल आदिको राम्रो सुविधा रहेको । आ.व. ०६९।७० मा बसपार्कबाट न.पा.लाई रु.२५,१३,०००।- आम्दानी भएको र वार्ड नं. ५ र १३ को हाट बजार पार्किङ्गबाट रु.१७,०५,०००।- आम्दानी भएको । तोकिएको बसपार्कमा मात्र बस पार्किङ्गको व्यवस्था गरेको । | - लेखाको रेर्कड, अवलोकन |
| | | | | बसपार्कमा शौचालय,पानी तथा बत्तीको व्यवस्था भएको | ✔ | | | | |
| | | | | तोकिएको बसपार्कमा मात्र बस पार्किङ्गको व्यवस्था गरेको | ✔ | | | | |
| | मापन तालिकाको सबै कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कुनै दुइवटा कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने । | | | | | | | | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | | नगरपालिका कोड : | |
|---|---|---|---|---|

| कार्यक्षेत्र | सूचकको विवरण | नं. | पूर्णाङ्क | विश्लेषण तालिका | छ | छैन | प्राप्ताङ्क | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| पन | **मासु पसलको नियमन तथा व्यवस्थापन** | **३६** | **२** | मासु पसलहरुको व्यवसाय दर्ता गरी अभिलेख व्यवस्थित गरी | ✔ | | २ | - मासु विक्री तथा वितरण व्यवस्थापन गर्ने निर्देशिका, २०६७ तयार गरी मिति ०६८।९।२८ को परिषद्को निर्णय नं. ५ (च) अनुसार स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको । कुल दर्ता भएमा मासु पसल १८५ वटा रहेको र आ.व.०६९।७० मा २८ वटा दर्ता भएको । मिति ०६९।६।२५, ०६९।६।२६ र ०६९।१०।४ मा मासु पसलको अनुगमन गरिएको । न.पा.को द.नं. २१६८६ मिति ०७०।२।१८ मा अनुगमन प्रतिवेदन पेश गरिएको । न.पा.को मिति ०७०।२।१७ को वोर्डको निर्णय नं. ९ अनुसार ३ महिनामा १ पटक संयुक्त रुपमा बजार अनुगमन गर्ने निर्णय समेत गरिएको । अनुगमन टोलीमा जिल्ला पशु सेवा कार्यालय, वाणिज्य कार्यालय, जिल्ला प्रहरी रुपन्देही, एफएम, पत्रकार महासंघ, उपभोक्ता मञ्च, जिल्ला प्रशासन, क्षेत्रीय खाद्य प्रशोधन तथा नपाका कर्मचारी रहेको । अनुगमनको समयमा सबै प्रकारको मासुको मूल्यसूची राख्ने र दर्ता प्रमाण पत्र अनुसार मासु विक्री गर्ने र प्रमाणपत्र राख्ने निर्देशन समेत दिएको । | - कर तथा राजश्वको रेकर्ड, पत्रहरु, माइन्यूट, वोर्ड माइन्यूट |
| | | | | मासु पसल सञ्चालन गर्न न्यूनतम मापदण्ड तोकी लागू गरेको | ✔ | | | | |
| | | | | मासु पसलको व्यवस्थापनमा जिल्ला पशु सेवा कार्यालय,उद्योग वाणिज्य संघ तथा उपभोक्ता संरक्षण मञ्चसंग समन्वय गरी नियमित अनुगमन गरेको | ✔ | | | | |
| | | | | अनुगमन प्रतिवेदन नगरपालिका समक्ष पेश गरेको | ✔ | | | | |
| | | | | अनुगमन प्रतिवेदन उपर नगरपालिका बोर्डमा छलफल भइ निर्णय हुने गरेको | ✔ | | | | |
| | मापन तालिकाको सवै कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कमीतमा कुनै तीन कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको तीन कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा दुई अङ्क, र दुई कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा एक अङ्क, प्रदान गर्ने । | | | | | | | | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | | नगरपालिका कोड : | |
|---|---|---|---|---|

| कार्यक्षेत्र | सूचकको विवरण | नं. | पूर्णाङ्क | विश्लेषण तालिका | छ | छैन | प्राप्ताङ्क | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| शहरी आधारभूत सेवा व्यवस्था | जनस्वास्थ्य प्रबर्द्धन | ३७ | २ | राष्ट्रिय कार्यक्रमका अतिरिक्त जनस्वास्थ्य पवर्द्धन सम्बन्धी थप कार्यक्रम नगरपरिषद्वाट स्वीकृत गराइ सञ्चालन गरेको | ✔ | | २ | - वार्ड नं. ९ र १० मा जिल्ला जनस्वास्थ्य र नपाको सहयोगमा नगर स्वास्थ्य केन्द्रको स्थापना गरी क्लिनिक संचालन । भवन निर्माणको लागि वार्ड नं. १० मा नपाले रु.४९,६१,९०२।९८ खर्च गरेको । मिति ०६९।९।११-१२ गते १०१ जना महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई जनचेतनामूलक अभिमूखिकरण गरिएको । नपा र हिमाली सामुदायिक सेवा समाजको सहकार्यमा महिला विशेष स्वास्थ्य शिविर वडा नं. ९ मा संचालन गरिएको (५१९ जनाले सेवा प्राप्त गरेको) । रण अम्बिका शाह आँखा अस्पताल, हिमाली सामुदायिक सेवा समाज र नपाको संयुक्त आयोजनामा आँखा शिविर संचालन गरी ७०० जनाले सेवा प्राप्त गरेको । जिल्ला जनस्वास्थ्य क्लिनिकको घर भाडाको लागि रु.८,२००।- मासिक खर्च हुने गरेको । जनस्वास्थ्य प्रवर्द्धनका लागि कालो प्लाष्टिकका झोलाहरु प्रयोगमा निषेध र न्यूनिकरण गरिएको ।<br>- १-१३ वडामा खुल्ला दिशामुक्त क्षेत्रको कार्यक्रम संचालन गरिएको । प्रत्येक वडामा उपसमिति गठन भै निजहरुलाई १।१ दिने तालिम संचालन गरेको र उक्त कार्यक्रममा खुल्ला दिशामुक्त क्षेत्र बनाउने प्रतिवद्धता गराइएको । खुल्ला दिशामुक्त कार्यलाई सम्पादन गर्न नगरपालिका स्तरिय समिति समेत गठन गरिएको । शौचालय निर्माणको लागि प्रति शौचालय रु.१,०००।- उपलब्ध गराउनु पर्ने निर्णय भएको वार्ड नं.५,७,९ र १२ मा ९०% चर्पी तयार भएको जम्मा १६३ घरमा चर्पी तयार भई सकेको । दिशामुक्त क्षेत्र अभियान तिब्र भन्ने शिर्षकमा राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकाको वर्ष २५ अंक १९६ मिति ०७०।४।१ मा प्रकाशन समेत भएको । रु.४,६६,८३४।- खर्च भईसकेको । वार्ड नं.१,३,५ र १३ मा सार्वजनिक शौचालय समेत निर्माण भएको ।<br>- उपभोग्य वस्तुको पसल अनुगमन मिति ०६९।६।२५, ०६९।६।२६ र ०६९।१०।४ मा गरेको । समितिमा उपभोक्ता मञ्च, जिल्ला पशुसेवा खाद्य प्रतिनिधि, गुणस्तर नियन्त्रण कार्यालय, उद्योग वाणिज्य संघ संगठन, संचारकर्मी, वाणिज्य कार्यालय, जिल्ला प्रहरी, जिल्ला प्रशासन र नपाका कर्मचारी रहेको । अनुगमन प्रतिवेदन नपाको द.नं.२१६८६ मिति ०७०।२।१८ मा नपामा पेश गरेको । मिति ०७०।२।१७ मा बसेको नपा वोर्डको निर्णय नं. ९ अनुसार अनुमोदन तथा निर्देशन गरेको । कारवाहीको हकमा अनुगमनको समयमा नै खाद्य उपयोग्य, अयोग्य मासु गाडिएको । लेभल नलागेको तेल, समय सकिएको पाउरोटी, दाल गाड्ने काम भएको र चेतावनी समेत दिइएको । | - वार्षिक कार्यक्रम, लेखा अभिलेख, अनुगमन रिपोर्ट, तालिम रिपोर्ट, अनुगमन बैठक माइन्यूट |
| | | | | शौचालय प्रवर्द्धन तथा खुल्ला दिसामुक्त क्षेत्र कार्यक्रम कम्तीमा पच्चीस प्रतिशत वडाहरुमा सञ्चालन गरेको | ✔ | | | | |
| | | | | सम्वद्ध सरकारी निकाय, उपभोक्ता हित संरक्षण मञ्च तथा उद्योग बाणिज्य संघ संग समन्वय गरी उपभोग्य वस्तुको वेचविखन गर्ने पसलहरुको अनुगमन गरेको | ✔ | | | | |
| | | | | अनुगमन प्रतिवेदन उपर नियमित रुपमा वोर्ड वैठकमा छलफल गरी अनियमित कार्य गर्ने उपर कारवाही तथा सजाय गरेको | ✔ | | | | |
| | मापन तालिकाको सबै कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कुनै दुइ कोठाको “छ” मा ( ✔ ) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने । | | | | | | | | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | | नगरपालिका कोड : | |
|---|---|---|---|---|

| कार्यक्षेत्र | सूचकको विवरण | नं. | पूर्णाङ्क | विश्लेषण तालिका | छ | छैन | प्राप्ताङ्क | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | **आकस्मिक सेवा र विपद जोखिम व्यवस्थापन** | ३८ | ४ | विपद्का क्षेत्रहरु, जोखिमको अवस्था, जोखिम न्यूनिकरणका उपायहरु तथा संस्थागत प्रवन्ध समेत उल्लेखित आवधिक विपद् जोखिम व्यवस्थापन योजना (Disaster Risk Management Plan) परिषद्वाट स्वीकृत भएको | ✔ | | ४ | - वार्षिक विपद जोखिम व्यवस्थापन कार्यक्रम तयार गरी १५ औं नगरपरिषद्को निर्णय नं. १५ अनुसार स्वीकृत गरी कार्यान्वयनमा ल्याएको । ०६९।९।२६ को परिषद्को निर्णय नं. ३० अनुसार समेत स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको । आवधिक विपद् जोखिम व्यवस्थापन योजना तयार भएको । विपद् व्यवस्थापनको लागि रु.१,६३,६५,०००।- विनियोजन भएकोमा रु.१,६०,६१,३०३।- खर्च भएको ।<br>- वारुण यन्त्र ४ वटा रहेकोमा ३ वटा संचालनमा रहेको । वारुण यन्त्र संचालनको लागि रु.७८,९९,१०९।९२ खर्च भएको ०६९।७० मा नपा भित्र ३० र अन्यत्र ५० गरी ८० पटक सेवा उपलब्ध गराएको ।<br>- नेपाल राष्ट्र बैंक भैरहवामा खाता नं.३५०४०२ मा प्रकोप व्यवस्थापन कोष खाता खोली प्रकोप व्यवस्था कोष संचालनमा रहेको ०६९।७० मा रु.१,००,०००।- जम्मा गरिएको उक्त खाताबाट रु.८,०००।- खर्च गरिएको । | - विपद जोखिम योजना, माइन्यूट, लेखा अभिलेख, वारुण यन्त्रको अभिलेख |
| | | | | आवधिक विपद् जोखिम व्यवस्थापन योजनाको आधारमा वार्षिक विपद् जोखिम व्यवस्थापन कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | | ✔ | | | |
| | | | | वारुणयन्त्र सञ्चालन भएको | ✔ | | | | |
| | | | | विपद् व्यवस्थापन कोष खडा गरी सो कोषमा रकम जम्मा गरेको | ✔ | | | | |
| | मापन तालिकाको सबै कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा चार अङ्क, कुनै तिन कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा तीन अङ्क, कुनै दुई कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा दुई अङ्क, अन्यथा शून्य अङ्क प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको तीन कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा चार अङ्क, कुनै दुई कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा तीन अङ्क, कुनै एक कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा दुई अङ्क ,अन्यथा शून्य अङ्क प्रदान गर्ने । | | | | | | | | |
| | **पञ्जिकरण व्यवस्थापन** | ३९ | २ | व्यक्तिगत घटना सम्बन्धी पाँच वटै घटनाको दर्ता रजिष्टर अद्यावधिक गरी अभिलेख राखिएको | ✔ | | २ | - जन्म, मृत्य, विवाह, सम्बन्ध विच्छेद र बसाईं सराईं गरी पाँचवटै घटना दर्ता रजिष्टर अलग/अलग १३ वटै वार्डमा राखिएको । सो को जिम्मा वडा सचिवलाई दिइएको । सूचना फारमहरु सहजै उपलब्ध हुने गरेको । मासिक तथा वार्षिक प्रतिवेदन जिविसमा समयमा नै पठाउने गरिएको । वार्षिक प्रतिवेदन च.नं.८५२४ मिति ०७०।१।५ मा जिविसमा पठाई उक्त विवरण वेभसाइटमा राख्ने गरेको र सूचना पाटीमा टाँस गर्ने गरेको । प्रतिवेदन अनुसार जन्म १९०५, मृत्यु ३५६, विवाह दर्ता ६८७, बसाईं सराईं आएको ७४८, गएको २१५, सम्बन्ध विच्छेद ८ रहेको । | - घटना दर्ता किताब, वार्षिक रिपोर्ट, पत्रहरु |
| | | | | पाँचवटै घटनाको लागि सूचना फारमहरु उपलब्ध गराइएको | ✔ | | | | |
| | | | | व्यक्तिगत घटना दर्ताको वार्षिक प्रतिवेदन बैशाख मसान्तभित्रै सम्बन्धित जिविसको कार्यालयमा पठाएको | ✔ | | | | |
| | | | | व्यक्तिगत घटना दर्ताको वार्षिक विवरण प्रकाशन गरी आषाढ मसान्तभित्रै सार्वजनिक गरेको | ✔ | | | | |
| | मापन तालिकाको सबै कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कुनै तीन कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने । | | | | | | | | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | | नगरपालिका कोड : | |
|---|---|---|---|---|

| कार्यक्षेत्र | सूचकको विवरण | नं. | पूर्णाङ्क | विश्लेषण तालिका | छ | छैन | प्राप्ताङ्क | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | **भवन निर्माण मापदण्ड र राष्ट्रिय भवन संहिता, २०६० कार्यान्वयन** | ४० | २ | भवन निर्माण अनुमतिका लागि भवन नियमावली, २०६६ को अनुसूची १ बमोजिम स्ट्रक्चरल डिजाइन सहितको दरखास्त फाराम लिने गरेको | ✔ | | २ | - ५० पानाको दरखास्त फारम तयार गरी रु.६००।- मा उपलब्ध गराई भवन निर्माण अनुमतिका लागि स्ट्रक्चरल डिजाइन सहितको दरखास्त फारम लिने गरेको । स्थलगत निरीक्षण तीन चरणमा पहिलो अस्थायी नक्सा दिन त्यसपछि स्थायी नक्सा दिन र अन्तमा सम्पन्न भई प्रमाणपत्र दिनु भन्दा अगाडी निरीक्षण गर्ने गरेको । आवश्यकता अनुसार अन्य समयमा निरीक्षण गर्ने गरिएको । भवन निर्माण तथा नक्सापास सम्बन्धी कार्यविधि १५ औं नगरपरिषद्को निर्णय नं. १६ अनुसार पारित भई कार्यान्वयनमा आएकोले सोही अनुसार गर्ने गरिएको । गत वर्ष अस्थाई नक्सा पास ३५७, स्थायी ४६५ र सम्पन्न ९१ घर नक्सा स्वीकृत भएको । जरिवाना गरिएकोमा पहल कुमार हलवाई वार्ड नं. ३ लाई रु.५,०००।-, कविता थापा वार्ड नं. ३ लाई रु.१,०००।-, इजहार गद्दी वार्ड नं. ४ लाई रु.२,०००।- गरी कारवाही गरिएको । नक्सापास हुनुभन्दा अगाडी घर बनाउन शुरु गरेमा, नक्साको एरिया भन्दा बढीमा घर निर्माण गरिएमा, नक्सा अनुसार नभएमा, अरुको जग्गा मिचेमा वा असर पार्ने गरी मापदण्ड विपरित गरेमा जरिवाना गर्ने गरिएको । राष्ट्रिय भवन सहिता अनुसार नै नक्सा पास गर्ने गरेको । ठूलो कर्मशियल भवनमा पनि अपाङ्ग मैत्रीलाई ध्यान दिने गरेको । भैरहवामा कृष्ण प्रसाद शर्माको कमर्सियल कम्प्लेक्स बनाउँदा समेत अपाङ्ग मैत्रीलाई हेर्न निर्देशन दिइएको ।<br>- ०६९।५।६ मा भुकम्पिय जोखिम न्यूनीकरण सम्बन्धी पूर्व तयारीको लागि १ दिने जनचेतना कार्यक्रम २५ जना घरधनीहरुलाई दिएको । | - कार्यविधि, दरखास्त फारम, स्वीकृत नक्सा |
| | | | | नगर क्षेत्रमा हुने भवन निर्माण कार्य स्वीकृत नक्सा र राष्ट्रिय भवन संहिता, २०६० बमोजिम भए नभएको स्थलगत निरीक्षण गरी अनियमित निर्माण कार्य उपर कारवाहीको व्यवस्था गरेको | ✔ | | | | |
| | | | | राष्ट्रिय भवन संहिता अनुसार नक्सा पास गर्ने व्यवस्था गरेको | ✔ | | | | |
| | | | | सरकारी/सार्वजनिक भवनको नक्सा अपाङ्ग मैत्री भए मात्र पास गर्ने व्यवस्था गरेको | ✔ | | | | |
| | | | | भूकम्पिय जोखिम न्यूनिकरण, पूर्वतयारी र भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी प्रशिक्षण तथा जनचेतना कार्यक्रमहरु सञ्चालन गरेको | ✔ | | | | |
| | मापन तालिकाको सवै कोठाको "छ" मा (✔) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कुनै तिन कोठाको "छ" मा (✔) ठीक चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको तीन वा सो भन्दा बढी कोठाको "छ" मा (✔) चिन्ह लागेमा दुई अङ्क, र दुई कोठाको "छ" मा (✔) चिन्ह लागेमा एक अङ्क, प्रदान गर्ने । | | | | | | | | |
| **शहरी आधारभूत सेवा व्यवस्थापन कार्यक्षेत्रको जम्मा** | | | | | | | १८ | **उक्त कार्यक्षेत्रमा सफल भएको** | |

| | |
|---|---|
| कुल जम्मा | ८२ |
| सफल कार्यक्षेत्रको संख्या | ५ |
| असफल कार्यक्षेत्रको संख्या | ० |

| | | | |
|---|---|---|---|
| वित्तीय व्यवस्थापन विज्ञ : | | स्थानीय शासन विज्ञ : | |
| नाम : | | नाम : | |
| मिति: | | मिति : | |